**पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**पाटन अस्पताल लगनखेल, ललितपुर**
**फोन. नं. ०१-५५२२२६६/५५२२२७८**

# अस्पतालको पुरानो फलाम तथा आल्मुनियमका सामानहरु लिलाम सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।०६।०५**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पतालको हाता भित्र रहेका पुराना फलाम तथा आल्मुनियमका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा विक्रि गर्न लागिएकोले मिति २०७८।०६।२५ गते मध्यान्ह १२:०० भित्र उक्त सामान खरिद गर्नको लागि ईच्छुक व्यक्ति तथा संस्थाले तोकेको ढाँचामा अस्पतालको प्रशासनमा प्रति इकाई दरको प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत विवरणको लागि अस्पतालको सूचना पाटी वा प्रतिष्ठानको वेवसाईट www.pahs,edu.np हेर्नु हुन अनुरोध छ ।

**<u>सिलबन्दी दरभाउपत्र दाताले पालना गर्नु पर्ने शर्त तथा ध्यान दिनु पर्ने कुराहरु :</u>**

१. सिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा अस्पतालले तोकेको प्रति इकाई न्यूनतम मुल्य फलामको रु ३१ /- (एकतिस) प्रति के.जि. र आल्मुनियम रु १४७ /- (एकसय सतचालीस) प्रति के.जि. भन्दा घटी कवोल गरेको प्रस्तावलाई स्वीकार गरिने छैन ।

२. सूचना प्रकाशित भएको मितिले २१ औं दिनको मध्यान्ह १२ बजे भित्र अर्थात मिति २०७८-६-२५ गते सम्म अस्पतालको प्रशासन कार्यलयबाट सिलबन्दी दरभाउपत्र फारम शुल्क रु १०००/- फिर्ता नहुने गरी तिरी उक्त दरभाउपत्र फारम खरिद प्रस्ताव पेश गर्नु पर्ने छ ।

३. दरभाउपत्रदाताले प्रस्तावको सबै पानाहरुमा सहिछाप समेत लगाएको रित पूर्वकको निवेदन सहितको प्रस्ताव संलग्न गर्नु पर्ने छ ।

४. यस प्रस्तावमा उल्लेख भए बाहेक दरभाउपत्रदाताले आफ्नो तर्फबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै शर्त राखी सिलबन्दी प्रस्ताव पेश गरेमा सो शर्त सहितको प्रस्ताव रद्ध गरिने छ ।

५. दरभाउपत्र फारम बुझाउने अन्तिम सूचना प्रकाशित भएको मितिले २१ औं दिन दिउँसो २ बजे सम्म दर्ता गरी सक्नु पर्नेछ । प्राप्त सिलबन्दी दरभाउपत्र सोही दिनको २ (दुई) बजे खोलिने छ । सो दिन बिदा परेमा सो को भोलि पल्ट खोलिने छ ।

६. दरभाउपत्र फारम साथ आफुले खरिद गर्न कबोल गरेको अनुमानित ८००० के.जी फलाम र १००० के.जि आल्मुनियमको प्रस्तावित मुल्यको १० प्रतिशतले हुन आउने रकम लक्ष्मी बैंक लगनखेलमा रहेको अस्पतालको खाता नं. ००१८१०४००००३८२ जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ ।

७. स्वीकृत दरभाउपत्रवालाले दरभाउपत्र स्वीकृत भएको मितिले दुई महिना भित्रमा आफुले कबोल गरेको सम्पुर्ण रकम चुक्ता गरी अस्पतालको प्रतिनिधिको रोहवरमा पुरानो सामान तौल गरी सामान उठाइसक्नु पर्नेछ र नउठाएमा अथवा चुक्ता नगरेमा धरौटी बिड बण्ड वापत राखेको रकम जफत गरिनेछ ।

८. दरभाउपत्रदाता स्वयमले सामान लैजाने यातायातको व्यवस्था मिलाउनु पर्नेछ ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार अस्पताल प्राशसनमा निहित रहनेछ । अन्य बिषयको हकमा पाटन स्वास्थ्य विज्ञान आ.प्र. आर्थिक नियमावली २०६७ तथा प्रचलित कानून बमोजिम हुने छ ।

१०. प्रस्तावकले प्रस्ताव पेश गरिसकेपछि यस प्रस्तावमा उल्लेख गरिएका सबै शर्तहरु पढेर, जानेर बुझेर पेश गरेको मानिने हुँदा यस प्रस्ताव अर्न्तगतको सबै शर्त स्वीकार गरेको मानिने छ ।

११. रित नपुगेको वा म्याद नाघी आएको दरभाउपत्र उपर कारवाही हुने छैन ।

# वोलपत्रको निवेदन

मिति : २०७८।     ।

सिलबन्दी दरभाउपत्रको निवेदन

श्रीमान् अस्पताल निर्देशकज्यू,
पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान
पाटन अस्पताल, लगनखेल, ललितपुर ।

**विषय : अस्पतालमा भएका पुरानो काम नलाग्ने सामानहरु लिलाम वडावडद्धारा खरिद गर्न दरभाउ पत्र पेश गरेको बारे ।**

महोदय,

मिति २०७८।०६।०५ गते गोरखापत्रमा प्रकाशित सूचना अनुसार ललितपुर लगनखेल स्थित पाटन अस्पतालको परिसर भित्र रहेका पुराना फलाम तथा आल्मुनियमका सामानहरु लिलाम वडावडको माध्यमबाट अस्पतालको सूचना तथा बोलपत्रमा उल्लेखित शर्त अनुसार मेरो / हाम्रो तर्फ बाट उल्लेखित संलग्न परिमाण र प्रकृतिको सामानहरु खरिद गर्ने मन्जुरी भएकोले ती सामानहरु खरिद गर्नको लागि प्रस्तावित मूल्य राखी लाहाछाप सहितको सिल्बन्दी पत्र पेश गरेको छु / छौ ।

त्यस अस्पताल परिसरमा भएका फलाम तथा आल्मुनियम जन्य पुराना सामानहरुको म/ हामीले प्रस्ताव गरेको फलामको प्रति के.जी रु ...................... र आल्मुनियमको प्रति के.जी. .................... ...का दरले हुन आउने जम्मा रकमको रु......................... को १० प्रतिशतले हुन आउने रकम रु ..................... ..........................................................................मात्र यस अस्पतालको लक्ष्मी बैंकमा रहेको खाता नं. ००१८१०४००००३८२ मा नगद जम्मा गरेको सक्कल भौचर यस निवेदन साथ पेश गरेको छु/छौ ।

म/हामीले त्यस अस्पतालबाट उपलब्ध गरेको दरभाउपत्र राम्रोसंग पढेको छु/छौं । उक्त दरभाउपत्रमा उल्लेखित शर्तहरु अन्तर्गत रही कार्य गर्न इच्छुक भएकोले दस्तखत सहित प्राप्त दरभाउपत्र संलग्न गरी यो सिलबन्दीपत्र सहित निवेदन पेश गरेको छु /छौ ।

फर्म भएमा फर्मको छाप :

फर्म वा व्यक्तिको नाम :

ठेगाना :

दस्तखत :

फोन नं :

मिति :

**नोट** : म्याद नाघेको वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।